# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः ३०, मितिः २०८१/०१/२४

## भाग - २

# लेकम गाउँपालिका दीर्घ रोगीहरूलाई आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

**प्रस्तावना:** यस लेकम गाउँपालिकामा रहेका गरिब, विपन्न, असहायहरू, विभिन्न रोगबाट पीडित तथा ग्रसित दीर्घरोगी, दुर्घटना परेको, ठूलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरू र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरूको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न लेकम गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लेकम गाउँपालिकाको दीर्घ रोगीहरूलाई आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०८० बनाई गाउँकार्यपालिकाको बैठकबाट जारी गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "लेकम गाउँपालिकाको दीर्घ रोगीहरूलाई आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले लेकम गाउँपालिकालाई सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले लेकम गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "आर्थिक सहायता" भन्नाले लेकम गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनुपर्दछ।

## परिच्छेद - २

## आर्थिक सहायतासम्बन्धी मापदण्ड

३. **मापदण्ड:** पालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

३.१) **दुर्घटनामा सहयोग मापदण्ड:** पालिकाबासी कुनै ठुलो दुर्घटनामा परी अङ्गभङ्ग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थाका व्यक्तिलाई अवस्था हेरी एक पटकमा १ हजारदेखि ५ हजारसम्म उपलब्ध गराउन सकिने छ ।

३.२) **दीर्घरोगमा सहयोग मापदण्ड:** पालिकावासीहरूमध्ये दीर्घरोग (किड्नी फेल तथा डाइलोसिस गर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा ५ हजारदेखि १० हजारसम्म उपलब्ध गराउने ।

३.३) **असहाय सहयोग मापदण्डः** यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकाघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरी खान नसक्ने अवस्थामा भएको पालिकावासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु. ५ सयदेखि २ हजारसम्म सहायता दिन सकिने छ ।

४. **संघ संगठन सहयोग मापदण्डः** यस गाउँपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका र गाउँपालिकाको क्षेत्रको हित अनुकूल हुने गरी सञ्जाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरूमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिनेछ । उक्त कार्यक्रमले जिल्ला तथा पालिकाको पर्यटन प्रवर्धन, पालिकाको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लब तथा संघसंस्थाहरूको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन।

४.१) **वडा, पालिका र जिल्लास्तर कार्यक्रमः** क) गाउँपालिकास्तरका संघसंगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एक पटक रु.१ हजारदेखि ५ हजारसम्म।

ख) जिल्लास्तर संघसंगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.१ हजारदेखि ७ हजारसम्म ।

४.२) **प्रदेश र केन्द्र स्तर कार्यक्रमः** क) प्रदेशस्तरका संघसंगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एकपटक रु.२ हजार ५ सयदेखि ८ हजारसम्म ।

ख) प्रदेशस्तरभन्दा माथिका संघसंगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.५ हजारदेखि १० हजारसम्म ।

## परिच्छेद - ३

## आर्थिक सहायता भुक्तानी प्रक्रिया तथा कोष

५. **भुक्तानी प्रक्रियाः** आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः

५.१) दफा ३ बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

क) निवेदन, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयको सिफारिस ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात

५.२) संघसंगठनको हकमा आधिकारिक पत्र भएको हुनु पर्नेछ ।

५.३) सहायता रकम चेकमार्फत उपलब्ध गराउनु पर्नेछ तर संघसंगठनको हकमा बैङ्क खाता सुचारु गरेको हुनुपर्ने छ ।

५.४) गाउँ सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्ति, संघ संगठनलाई एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

**६. सहायता सम्बन्धी बजेट व्यवस्था:** यस कार्यविधिको अधीनमा रही खर्च गर्ने गरी वार्षिक रूपमा निश्चित रकम गाउँसभाबाट विनियोजन भएबमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ । उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन ।

६.१) दुर्घटना तथा विपत राहत-व्यवस्थापन सम्बन्धमा गाउँपालिका वा वडा स्तरमा रहेको विपत व्यवस्थापन कोषबाट खर्च लेख्नुपर्नेछ ।

६.२) जटील वा कडा किसिमका रोगहरू तथा दीर्घरोगको सम्बन्धमा गाउँपालिकाको स्वास्थ्यसम्बन्धी कोष वा कार्यक्रमबाट खर्च लेख्नुपर्ने ।

६.३) संघसंस्था तथा संगठनहरूले गर्ने कार्यक्रमहरुमा सहयोग प्रदान गर्दा सकेसम्म सम्बन्धित विषयक्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमबाटै खर्च लेख्नुपर्नेछ ।

६.४) गाउँपालिकाबाट सहयोग-साझेदारी गर्नुपर्ने कार्यक्रममा गाउँपालिकाको विनियोजित बजेटबाट गर्ने र त्यसरी कार्यक्रम सहयोग कार्यान्वयन गर्दा सम्झौता/समझदारी-पत्रमा हस्ताक्षर गरी सोका सर्तहरू बमोजिम गर्नुपर्नेछ ।

६.५) सहायताको रकम यस मापदण्डमा उल्लेख भएभन्दा बढी गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयबाट गर्नुपर्नेछ ।

**७. कार्यविधिमा संशोधन:** यस कार्यविधिमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**८. बाधा अडकाउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकामा रहने छ ।

**९. यसै बमोजिम भएको मानिने:** यसअघि वितरण भएको आर्थिक सहायता तथा राहत यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

आज्ञाले

अर्जुन सुवेदी

प्रमुख प्रशासकीय अधिकृत